राजापुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
राजापुर, बर्दिया
**लुम्बिनी प्रदेश, नेपाल**

(९७७) ०८४-४६०१११
(९७७) ०८४-४६०१६७
C3HR+MQ Rajapur

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रकाशित मिति : २०८१/०२/२०

राजापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दियाको चालु आ.व. २०८०/८१ का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत शहिद तथा बेपत्ता परिवार, द्धन्द पिडित परिवारका सदस्यहरु तथा अति विपन्न समुदायका व्यक्तिहरुका लागि आयआर्जन, उद्यशिलता तथा जिविकोपार्जन कार्यक्रम अन्तर्गत भैंसी, बाख्रा र बंगुर वितरण कार्यका लागि प्रजनन योग्य भैंसी, बाख्रा र बंगुर खरिद कार्य सिलबन्दी दरभाउपत्रद्वारा गराउनु पर्ने भएकोले सम्बन्धित निकायबाट ईजाजत प्राप्त कृषि फर्म, कृषक समुह, कम्पनिहरुलाई निम्त शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मिति देखि शिलबन्दी दरभाउपत्रमा १५ औ दिनको ठिक ५:०० बजे सम्म यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ । फर्म खरिदका लागि नेपाल बैंक लिमिटेड, राजापुर बर्दिया शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ०२८०३०००००१००१००००००१ वा राजापुर नगरकार्यापालिकाको राजश्व शाखामा रु.१०००। (फिर्ता नहुने गरी) जम्मा गरि खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि १६ औं दिनको ठिक १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गराउन सकिनेछ । दरभाउपत्रका साथ व्यवसाय दर्ताको प्रमाणीत प्रतिलिपी, अद्यावधिक नविकरण फर्म, स्थायी लेखा नम्बर प्रमाणीत प्रतिलिपी, २०७९/८० को करचुक्त प्रमाणीत प्रतिलिपी निवेदन साथ पेश गर्नुपर्नेछ । दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारमहरु सोही दिनको ठिन २:०० बजे खोलिनेछ ।

३. दरभाउपत्र फारम साथ जमानत बाफतको रकम यस कार्यालयको ने.बैं.लि. राजापुर शाखा, बर्दियामा रहेको धरौटी खाता नं. ०२८०३००००००३००००००००१ मा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको ७५ दिन म्याद भएको जमानीपत्र (विडबन्ड) दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

४. खरिद सम्बन्धी अन्य व्यवस्था सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ र अन्य प्रचलित नियम कानून अनुसार तोकिएको आधारहरु पुरा नभएको, रीत नपुगेको, म्यादभित्र दर्ता नभएको र यस सूचना एवं दरभाउपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको दरभाउपत्रमा कुनै कारवाही हुनेछैन ।

५. अन्य थप केहि कुराहरु बुझ्नु परेमा राजापुर नगरकार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

| सूचना नं. | पशुको किसिम | पशुको जात र विशेषता | जमानत रकम | कैफियत |
|---|---|---|---|---|
| ८/२०८०-८१ प्रशासन शाखा | प्रजनन् योग्य भैंसीको पाडी १५ गोटा | • पशुको नक्ष्ल :- उन्नत नक्ष्लको वा सो को वर्णशंकर जातकोहुनुपर्नेछ।<br>• कल्चौडोको आकार :- चारै थुनको कल्चौडाको भाग एकनासको, सन्तुलित भएको, चारैवटा थुनहरु बराबर आकारको चारैवटा थुन बराबरी दुरीमा हुनुपर्नेछ ।<br>• दुधालु पशुको बानी व्यवहार :- भैंसी नतर्सिने खालको र नियन्त्रण गर्न सहज र व्यवहार मित्रवत भएको हुनुपर्नेछ।<br>उमेर :- भैंसीको उमेर कम्तिमा ३ वर्षको उमेर पुरा भएको संकेत देखिने हुनुपर्ने र जिवित शारिरीक तौल ३५० कि.ग्रा. पुगेको हुनुपर्नेछ । | कबोल अङ्कको कम्तिमा २.५% | |
| ९/२०८०-८१ प्रशासन शाखा | प्रजनन् योग्य बाख्रा | • नक्ष्ल :- उन्नत नक्ष्ल (बोयर, बारबरी, जमुनापारि, अजमेरी वा सो का वर्णशंकर जात वा स्थानीय खरि एवं तराई जातको उच्च उत्पादन क्षमताको बाख्रा हुनुपर्नेछ । | कबोल अङ्कको कम्तिमा | |

दशरथ बुढा
प्रमुख प्रशासकिय अधिकृत

राजापुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
राजापुर, बर्दिया
**लुम्बिनी प्रदेश, नेपाल**

(९७७) ०८४-४६०१११
(९७७) ०८४-४६०१६७
C3HR+MQ Rajapur

| | | | | |
|---|---|---|---|---|
| | ५० गोटा | • कल्चौडोको आकार :- दुबै थुनको कल्चौंडाको भाग एकनासको, सन्तुलित भएको, दुईवटै थुनहरु बराबर आकारको र बराबरी दुरीमा भएको हुनुपर्नेछ ।<br>उमेर :- बाखाको उमेर कम्तिमा १(एक) वर्षको उमेर पुरा भएको संकेत देखिने हुनुपर्ने र जिवित शारिरीक तौल २५ कि.ग्रा. पुगेको हुनुपर्नेछ | २.५% | |
| १०/२०८०-८१ प्रशासन शाखा | प्रजनन् योग्य बंगुर ३५ गोटा | • नश्ल :- उन्नत नश्ल (ल्याण्डरेस, योर्कशायर, ह्याम्पशायर, ड्युरोक र पाखीबास कालो जातका) वा सो का वर्णशंकर बच्चाहरु हुनुपर्नेछ।<br>• कल्चौडोको आकार :- कल्चौंडाको भागमा समानान्तर दुरीमा जोडा आकारमा एकनासको सन्तुलित, बराबर आकारको र बराबरी दुरीमा थुनहरु भएको हुनुपर्नेछ ।<br>• उमेर :- बंगुरको पाठापाठीको उमेर कम्तिमा ४५(पैंतालिस) दिनको उमेर पुरा भएको हुनुपर्नेछ | कबोल अङ्कको कम्तिमा २.५% | |

**नोट:** प्रत्येक सूचना नं. (८/२०८०-८१, ०९/२०८०-८१, १०/२०८०-८१) को लागि अलग-अलग शिलबन्दी दरभाउपत्र समेत पेश गर्न सकिनेछ।

दशरथ बुढा
प्रमुख प्रशासकीय अधिकृत